# यशोधरा गाउँपालिका कपिलवस्तुको बजेट बक्तव्य, २०७९।०८०

## यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बैदौली, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

**मिति : २०७९ साल असार ३१ गते शुक्रवार**

सभा अध्यक्ष ज्यू, संघिय सांसद ज्यू, प्रदेश सभा सदस्य ज्यू, उपाध्यक्ष ज्यू, सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक ज्यूहरु, सुरक्षाकर्मी, समाजसेवी, पत्रकार एवं यशोधरा गाउँपालिका आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरु :

१. नेपालको संविधानको धारा २३० बमोजिम यशोधरा गाउँपालिका, कपिलवस्तुको उपाध्यक्षको आदेशानुसार म प्रमुख प्रशासकीय अधिकृतको हैसियतले सम्मानित गाउँसभामा आगामी आर्थिक बर्ष २०७९।०८० को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत बजेटले यशोधरा गाउँपालिकाको विकास निर्माणलाई अगाडि बढाउने तथा गाउँपालिकाको अर्थव्यवस्थालाई गतिशील तुल्याउँदै गाउँपालिकाको दिर्घकालीन सोच **यशोधराको पहिचान : शिक्षा स्वास्थ्य समृद विकास, उद्यमशीलता सुशासन शान्ति हाम्रो प्रयास** लाई सार्थक तुल्याउने अपेक्षा गरेको छु ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, लगायतका विभिन्न आन्दोलनमा आफ्नो प्राणको आहूति दिनुहुने ज्ञात अज्ञात अमर सहिदहरुप्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । घाइते योद्धा र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान तथा परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

३. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधारस्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचन शान्तिपूर्ण, भयरहित वातावरणमा सम्पन्न भएको छ । यस निर्वाचनलाई निष्पक्ष, स्वतन्त्र, स्वच्छ तवरमा सम्पन्न गर्न योगदान गर्नुहुने आम नागरिक राजनीतिक दल निर्वाचन आयोग राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक तथा नागरिकहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

४. आगामी आर्थिक बर्ष ०७९।०८० को बजेट तर्जुमा गर्दा नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक राज्य प्रणाली, नेपाल सरकार, लुम्बिनी प्रदेश सरकार, यशोधरा गाउँपालिकाका कानुन, दिगो विकासका लक्ष्य र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेको छु ।

५. आगामी आर्थिक वर्षको व्ययको अनुमान गर्दा आर्थिक मितव्ययिता, कार्यान्वयन क्षमता, विकासको आवश्यकता तथा नागरिकका अपेक्षालाई प्राथमिकता दिएको छु । साथै कोभिड-१९ को महामारीका कारण संकटग्रस्त अर्थतन्त्रलाई पुनः गतिशील र चलायमान बनाउन अनुत्पादक लगानी र अनावश्यक खर्चलाई कटौती गरेको छु । यो बजेट तर्जुमा गर्दा स्थानीय स्रोत र साधनको परिचालन गरी सेवा, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने योजना र कार्यक्रममा केन्द्रित भएको छु ।

६. बजेट निर्माणका क्रममा बुद्धिजीवी, समाजसेवी, राजनीतिक दल, विषयगत समिति तथा सरोकारवालाहरुसँग परामर्श तथा टोल बस्तीका योजना संकलन गरी गाउँपालिकाको सीमित स्रोत साधनका बाबजुद जनताका असीमित अपेक्षाहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छु ।

७. संघीय सरकार तथा प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान कार्यक्रम, विशेष अनुदान, समपुरक अनुदान र सामाजिक सुरक्षा कार्यक्रममा प्राप्त हुने अनुदानलाई सम्बन्धित कार्यक्रममा खर्च हुने गरी व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय,**

अब, म चालु आर्थिक बर्ष २०७८।०७९ को संक्षिप्त वित्तीय प्रगति विवरण प्रस्तुत गर्दछु ।

८. चालु आर्थिक बर्षको बार्षिक बजेट शंसोधित अनुमान रु ६२ करोड ८९ लाख ५८ हजार रहेकोमा जम्मा आय तर्फ रु. ६२ करोड १६ लाख ६० हजार गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।

९. चालु खर्च तर्फ रु. ४७ करोड १५ लाख ७३ हजार व्यय अनुमान गरिएकोमा असार २५ गते सम्म ३७ करोड २५ लाख ३८ हजार खर्च भएको छ । कुल विनियोजित बजेटको ७९ प्रतिशत रहेको छ ।

१०. पूँजीगत खर्च तर्फ रु. १५ करोड ७३ लाख ८५ हजार व्यय अनुमान गरिएकोमा असार २५ गते सम्म १० करोड ४४ लाख १८ हजार खर्च भएको छ । जुन कुल विनियोजित बजेटको ६६ दशमलव ३४ प्रतिशत रहेको छ ।

११. चालु आर्थिक बर्ष मा जम्मा विनियोजित बार्षिक बजेट रु रु ६२ करोड ८९ लाख ५८ हजार रहेकोमा असार २५ गते सम्म ४७ करोड ६९ लाख ५७ हजार खर्च भएको छ । जुन कुल बजेटको ७५ दशमलव ८३ प्रतिशत रहेको छ ।

१२. चालु आर्थिक बर्षमा जम्मा खर्च रकम रु ४७ करोड ६९ लाख ५७ हजार, आगामी आर्थिक बर्षमा अल्या रकम सरिएको जम्मा रु ९ करोड ६४ लाख ७ हजार र संघीय सरकार तथा लुम्बिनी प्रदेश सरकारको रकम रु ४ करोड ८२ लाख ९६ हजार फिर्ता गरिएको छ ।

**अध्यक्ष महोदय्**

अब, म आगामी आर्थिक बर्ष २०७९।०८० को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।

**बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन् :**

क. सामाजिक-आर्थिक र भौतिक पूर्वाधारहरुको विकास तथा निर्माणलाई तिव्रता दिने ।

ख. संघीय तथा प्रदेश सरकारहरुका विचमा सुमधुर सम्बन्ध कायम गरी समन्वय र अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने ।

ग. सुशासन, विकास र समृद्धि हासिल गर्न जोड दिँदै सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व कायम गरी सरकारी खर्चको उपादेयता बढाउने ।

घ. नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास,

ङ. युवा, महिला तथा गरिब घरपरिवारलाइ उत्पादान मुलक रोजगारी सृजनामा वृद्धि गर्ने ।

च. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।

छ. बाल सुरक्षा, जेष्ठ नागरिक, बिधवा, अपांग, दलित जेष्ठ नागरिक तथा आर्थिक रुपमा पछाडी परेका वर्गको वृद्धि विकास तथा संक्षरण गर्ने ।

ज. आन्तरिक राजश्व सुधारका आवश्यक पहल गर्ने ।

झ. आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने आवश्यक कार्य गर्ने ।

ञ. वेरोजगार गरिब युवा तथा महिलालाइ स्वरोजगारमा आत्म निर्भर गर्न उद्यम विकास कार्यक्रम संचालन गर्ने ।

ट. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण,

ठ. खेलकुदका लागि आवश्यक व्यवस्थापन गर्ने ।

ड. स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाई संघीयता कार्यान्वयन र सुदृढीकरण गर्ने ।

ढ. कृषि सिचाइलाइ विस्तार एवं आधुनिक कृषिमा जोड ।

माथि उल्लिखित उदेश्य हासिल गर्न देहाय अनुसारका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु ।

क. गुणस्तरीय शिक्षा एवं सुविधा सम्पन्न विद्यालयमा जोड,

ख. स्वास्थ्य पूर्वाधारहरुको विकास तथा विस्तार र दक्ष जनशक्तिहरुको व्यवस्थापन गरी समग्र स्वास्थ्य क्षेत्रको सुदृढीकरण,

ग. कृषि क्षेत्रको आधुनिकीकरण मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षाको प्रत्याभूति,

घ. भौतिक पूर्वाधार विकासमा जोड,

ङ. डिजिटल सेवामा सामुदायको पहुच,

च. सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, सर्वसुलभ र प्रविधिमैत्री बनाई नागरिकको पहुँच अभिवृद्धि,

छ. वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्यूनिकरण

**अध्यक्ष महोदय,**

**अब म आगामी आर्थिक बर्षको प्रस्ताविक बजेट, कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

१३. आगामी आर्थिक बर्षका लागि वडा नं १ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ६२ लाख ५० हजार विनियोजन गरेको छु ।

१४. आगामी आर्थिक बर्षका लागि वडा नं २ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७४ लाख ४४ हजार ५ सय विनियोजन गरेको छु ।

१५. आगामी आर्थिक बर्षका लागि वडा नं ३ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ६० लाख ७० हजार विनियोजन गरेको छु ।

१६. आगामी आर्थिक बर्षका लागि वडा नं ४ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७४ लाख विनियोजन गरेको छु ।

१७. आगामी आर्थिक बर्षका लागि वडा नं ५ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ८७ लाख ९० हजार विनियोजन गरेको छु ।

१८. आगामी आर्थिक बर्षका लागि वडा नं ६ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७० लाख १५ हजार विनियोजन गरेको छु ।

१९. आगामी आर्थिक बर्षका लागि वडा नं ७ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ७० लाख ९५ हजार विनियोजन गरेको छु ।

२०. आगामी आर्थिक बर्षका लागि वडा नं ८ मा भौतिक पूर्वाधार, आर्थिक विकास, सामाजिक विकास, सुशासन तथा संस्थागत विकासका लागि जम्मा रु. ६० लाख विनियोजन गरेको छु ।

२१. प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागी रुपान्तरण पहल कार्यक्रम तथा लघु लद्यम विकास कार्यक्रम मार्फत रोजगारी सिर्जनाका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

२२. युवा बेरोजगारहरुलाइ रोजगार सृजनाका लागि रु. २० लाख रकम सुलभ अनुदानका लागि विनियोजन गरेको छु ।

२३. नवप्रवर्तन साझेदारी कोष तथा गाउँपालिकाको लागत साझेदारीमा डिजिटल सेवा केन्द्र संचालन तथा दलित, महिला, विपन्नहरुलाइ रोजगारी सिर्जना हुने कार्यक्रमका लागि ७१ लाख विनियोजन गरेको छु ।

२४. आगामी आर्थिक बर्षका लागि संघिय सरकार समपुरक अनुदान तथा यस पालिकाको ५०/५० प्रतिशतको लागत साझेदारीमा सुठौली देखि मधुनगरा सम्म सडक कालोपत्रेका लागि जम्मा रु ३ करोड ६० लाख विनियोजन गरेको छु ।

२५. आगामी आर्थिक बर्षका लागि लुम्बिनी प्रदेश समपुरक अनुदान तथा यस पालिकाको ५०/५० प्रतिशतको लागत साझेदारीमा कपिलवस्तु नगरपालिका-५ डगरी सिमाना देखि बसन्तपुर हुदैं भडेहर सम्म सडक कालोपत्रेका लागि जम्मा रु ३ करोड विनियोजन गरेको छु ।

२६. आगामी आर्थिक बर्षका लागि जिल्ला समन्वय समिति तथा यस पालिकाको ६०/४० प्रतिशतको लागत साझेदारीमा प्रशासकीय भवनको तल्ला थपमा १ करोड ४० लाख र श्री अनिरुद्ध पब्लिक मा वि बैदौलीका लागि ५४ लाख रकम विनियोजन गरेको छु ।

२७. आगामी आर्थिक बर्षका लागि संघिय सरकार अन्तरगत तराइ मधेश समृद्धि कार्यक्रम र यस पालिकाको ९०/१० प्रतिशतको लागत साझेदारीमा श्री जनसेवा आधारभुत विद्यालय अम्लोनहाका लागि रु २७ लाख ५० हजार विनियोजन गरेको छु ।

२८. आगामी आर्थिक बर्षका लागि संघिय सरकार अन्तरगत तराइ मधेश कार्यक्रमबाट र यस पालिकाको लागत साझेदारीमा आठै वडामा डिपट्युबेल जडानका लागि ८५ लाख रकम विनियोजन गरेको छु ।

२९. आगामी आर्थिक बर्षका लागि संघिय सरकारको शसर्त कार्यक्रममा विनियोजित रकम जम्मा रु १७ करोड ९४ लाख तोकिएको शिर्षकमा खर्च विनियोजन गरेको छु ।

३०. आगामी आर्थिक बर्षका लागि लुम्बिनी प्रदेश सरकारको शसर्त कार्यक्रममा विनियोजित रकम जम्मा रु ८० लाख तोकिएको शिर्षकमा खर्च विनियोजन गरेको छु ।

३१. आगामी आर्थिक बर्षका लागि संघिय सरकारको विशेष अनुदानमा विनियोजित रकम जम्मा रु ७० लाख तोकिएको शिर्षकमा खर्च विनियोजन गरेको छु ।

३२. आगामी आर्थिक बर्षका लागि लुम्बिनी प्रदेश सरकारको विशेष अनुदान मुख्यमन्त्रि शैक्षिक सुधार कार्यक्रममा विनियोजित रकम जम्मा रु ६० लाख तोकिएको शिर्षकमा खर्च विनियोजन गरेको छु ।

३३. आगामी आर्थिक बर्षका लागि कार्यालय संचालन तथा प्रशासकीय खर्चका लागि जम्मा रु ९ करोड ८० लाख रकम विनियोजन गरेको छु । साथै सेवा निवृत्त हुने स्थायी कर्मचारीका लागि आवकाश सुविधा उपलब्ध गराउन कर्मचारी कल्याण कोषका लागि रु २० लाख रकम विनियोजन गरेको छु ।

३४. आगामी आर्थिक बर्षका लागि गाउँपालिका अनुदानमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता, विद्यालय परिचर, कार्यालय लागत कर्मचारीको पारिश्रमिक तथा सुविधामा रु २ करोड विनियोजन गरेको छु ।

३५. आगामी आर्थिक बर्षका लागि मध्यकालीन खर्च संचरना, आवधिक योजना, स्थानिय तहको स्वमूल्यांकन, वित्तिय जोखिम न्यूनिकरण कार्यक्रम संचालनका लागि रु २५ लाख रकम विनियोजन गरेको छु ।

३६. आगामी आर्थिक बर्षका लागि शुसासन तथा संस्थागत विकास तर्फ जम्मा रु ८ लाख विनियोजन गरेको छु ।

३७. आगामी आर्थिक बर्षमा क्यापस संचालनका लागि सम्भाब्यता अध्ययन तथा DPR निर्माणका लागि जम्मा रु १५ लाख विनियोजन गरेको छु ।

३८. आगामी आर्थिक बर्षमा गाउँपालिकाको कार्यालय प्रङ्गणमा रहेको पोखरी सुन्दरीकरणका लागि जम्मा रु ३० लाख विनियोजन गरेको छु ।

३९. आगामी आर्थिक बर्षमा एउटा स्मार्ट विद्यालय बनाउनका लागि जम्मा रु ८० लाख विनियोजन गरेको छु ।

४०. आगामी आर्थिक बर्षमा सिहोखोर स्वास्थ्य चौकी भवन निर्माणका लागि जम्मा रु १५ लाख विनियोजन गरेको छु ।

४१. आगामी आर्थिक बर्षमा सामुदायिक तथा धार्मिक विद्यालयको भवन निर्माण, मर्मत, बाउन्डरीवाल र शौचालय समेतका लागि जम्मा रु ५० लाख विनियोजन गरेको छु ।

४२. आगामी आर्थिक बर्षमा नेपाल-भारत सिमाना मर्यादपुरमा ठूला गाडी व्यवस्थापन तथा आन्तरिक राजश्व वृद्धिमा सहयोग पुग्ने उद्देश्यले गाडी पार्किङ्ग निर्माण तथा व्यवस्थापनका लागि जम्मा रु ३० लाख विनियोजन गरेको छु ।

४३. आगामी आर्थिक बर्षमा मर्यादपुर बाजारमा सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापनका लागि जम्मा रु १० लाख रकम विनियोजन गरेको छु ।

४४. आगामी आर्थिक बर्षमा गाउँपालिका स्तरीय विभिन्न सडक निर्माण, मर्मत तथा स्तरउन्नतीका लागि जम्मा रु ५० लाख रकम विनियोजन गरेको छु ।

४५. आगामी आर्थिक बर्षमा यशोधरा गाउँपालिका उज्यालो कार्यक्रम अन्तरगत नवीकरणीय उर्जा प्रविधि जडान (बायो ग्याँस/विद्युतिय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) का लागि जम्मा रु. २५ लाख रकम विनियोजन गरेको छु ।

४६. आगामी आर्थिक बर्षमा गाउँपालिका स्तरीय विभिन्न सडक, भवन तथा पुल निर्माणका लागि DPR तयार गर्न जम्मा रु २० लाख विनियोजन गरेको छु ।

४७. आगामी आर्थिक बर्षमा सुरक्षित नागरिक आवाश कार्यक्रम संचालनका लागि जम्मा रु ४ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

४८. यसरी आगामी आर्थिक बर्षमा भौतिक पूर्वाधार विकास तर्फ कुल जम्मा रु ५ करोड ५० लाख रकम विनियोजन गरेको छु ।

४९. आगामी आर्थिक बर्षमा सामाजिक विकास (लैंगिक समानता तथा सामाजिक समावेशिकरण, महिला बालबालिका तथा जेष्ठनागरिक, अपाङ्ग, बालमैत्रि, खानेपानी तथा सरसफाइ) तर्फ जम्मा रु १ करोड रकम विनियोजन गरेको छु ।

५०. आगामी आर्थिक बर्षमा भाषा तथा संस्कृति प्रवर्द्धन तर्फ जम्मा रु २५ लाख विनियोजन गरेको छु ।

५१. आगामी आर्थिक बर्षमा वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ जम्मा रु ४२ लाख रकम विनियोजन गरेको छु ।

५२. आगामी आर्थिक बर्षमा कृषि, सिचाइ तथा सहकारी तर्फ जम्मा रु ५८ लाख रकम विनियोजन गरेको छु । साथै स्यालो टयुबेल विद्युत मोटर समेत जडान गर्न जम्मा रु १५ लाख रकम विनियोजन गरेको छु ।

५३. आगामी आर्थिक बर्षमा पशुपंक्षि विकास तर्फ जम्मा रु ३८ लाख रकम विनियोजन गरेको छु ।

५४. आगामी आर्थिक बर्ष गुणस्तरीय शैक्षिक सुधार तथा शैक्षिक विकासका लागि शिक्षा, युवा तथा खेलकुद तर्फ जम्मा १ करोड १० लाख रकम विनियोजन गरेको छु ।

५५. गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण गर्नका लागि रु. २० लाख रकम विनियोजन गरेको छु ।

५६. आगामी आर्थिक बर्ष गुणस्तरीय स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापनका साथै आधारभूत अस्पताल संचालनका लागि जम्मा रु १ करोड १२ लाख रकम विनियोजन गरेको छु ।

५७. आगामी आर्थिक बर्षमा स्वास्थ्य विमाका लागि रु. १० लाख विनियोजन गरेको छु ।

५८. आगामी आर्थिक बर्षमा राजश्व सुधारका लागि जम्मा रु १० लाख रकम विनियोजन गरेको छु ।

५९. आगामी आर्थिक बर्षमा पंजिकरण तथा सामाजिक सुरक्षा व्यवस्थापनका लागि जम्मा रु ६ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

६०. आगामी आर्थिक बर्षमा प्रधानामन्त्रि रोजगार कार्यक्रम व्यवस्थापनका लागि जम्मा रु ५ लाख रकम विनियोजन गरेको छु ।

६१. आगामी आर्थिक बर्षमा न्यायीक समिति तर्फ जम्मा रु ४० लाख रकम विनियोजन गरेको छु ।

६२. आगामी आर्थिक बर्षमा न्यायीक समितिको कार्य सम्पादन चुस्त/दुस्त गर्न एक नापी अमिन सहायक चौथो सेवा करारमा व्यवस्थापनका लागि जम्मा रु ४ लाख

६३. रकम विनियोजन गरेको छु ।

६४. आगामी आर्थिक बर्षमा बहुक्षेत्रिय पोषण कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि जम्मा रु ८ लाख रकम विनियोजन गरेको छु ।

६५. आगामी आर्थिक बर्षमा गाउँपालिकाको डिजिटल वस्तुस्थिति निर्माण तथा अध्यावधीका लागि जम्मा रु. १० लाख रकम विनियोजन गरेको छु ।

६६. आगामी आर्थिक बर्षमा संस्थागत सहयोगमा जम्मा रु १४ लाख रकम विनियोजन गरेको छु ।

६७. आगामी आर्थिक बर्षमा आवश्यकता तथा भैपरी आउने विभिन्न योजना तथा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६८. आगामी आर्थिक बर्ष २०७९।०८० को आर्थिक विधेयक, २०७९ र विनियोजन विधेयक, २०७९ यस गरिमा मय सभामा पेश गरेको छु ।

**अध्यक्ष महोदय,**

अब म बजेटमा उल्लिखित क्षेत्रगत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

६९. माथि उल्लिखित बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न ६१ करोड ७८ हजार खर्च हुने अनुमान गरेको छु ।

७०. आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान रु १३ करोड ६५ लाख, नेपाल सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फ रु १० करोड १७ लाख ३७ हजार, लुम्बिनी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रु ७५ लाख ७३ हजार, राजश्व बाँडफाँड सवारी साधन कर तर्फ ८१ लाख ६ हजार, संघीय सरकार ससर्त अनुदान तर्फ १७ करोड ९४ लाख, लुम्बिनी प्रदेश सरकारबाट ससर्त अनुदान ८० लाख, संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान ७० लाख, लुम्बिनी प्रदेश सरकारबाट विशेष अनुदानमा प्राप्त ६०

लाख, संघिय सरकार समपुरक अनुदानबाट १ करोड ८० लाख, लुम्बिनी प्रदेश सरकारबाट १ करोड ५० लाख, जिल्ला समन्वय समिति कपिलवस्तुबाट रु १ करोड २० लाख, आन्तरिक राजश्वबाट रु १ करोड ४३ लाख ५५ हजार र चालु आ.ब. को अल्या रकम रु ९ करोड ६४ लाख ७ हजार गरी कुल प्रस्ताविक आय ६१ करोड ७८ हजार रकम व्यहोर्ने छ ।

अध्यक्ष महोदय् तथा उपस्थित सम्पूर्ण गाउँसभा सदस्यहरु,

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने माननीय संघीय सांसदज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रमुख एवंम प्रतिनिधिज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, नागरिक समाज, सुरक्षाकर्मी पत्रकार यशोधराबासी सम्पूर्ण जनहरुबाट प्राप्त सुझाव सहयोग र सल्लाहप्रति हार्दिक आधार प्रकट गर्दछु । यो बजेट कार्यान्वयनमा संघीय इकाइहरुका सबै निकाय र सरोकारवालाहरुको पर्याप्त सहयोग प्राप्त हुने विश्वास लिएको छु । धन्यवाद ।

२०७९ असार ३१ गते शुक्रवार

()